# भूमे साप्ताहिक

वर्ष ५ अङ्क ३० २०८० मंसिर २७ बुधबार



## सम्पादकीय

# सस्तो पसलले दिएको सन्देश

रुकुम पूर्वका ४ ठाउँमा हालै सस्तो पसलहरु स्थापना गरी सहुलियत दरमा दैनिक उपभोग्य सामानहरु उपलब्ध गराउन थालेको छ। घरेलु तथा साना उद्योग कार्यालय रुकुम पूर्वको आर्थिक तथा प्राविधिक सहयोग र स्थानीय सरकारको समन्वयमा जिल्लाका चार स्थानमा सस्तो पसल स्थापना गरिएको हो। लुम्बिनी प्रदेश सरकारको कार्यविधि अनुसार पुथा उत्तरगंगा गाउँपालिकाको वडा नम्बर १० तक, भूमे गाउँपालिकाको खाबाङ बगर, सिस्ने गाउँपालिका-२ नायगाडस्थित तिपतारा र वडा नम्बर ३ पोखरामा सस्तो पसल सञ्चालन गरिएको हो। यसरी पालिकाका ४ स्थानमा सस्तो पसल स्थापना भएपछि स्थानीयबासीलाई थोरै भए पनि राहत भएको छ।

एउटा जिल्लामा ४ वटा सस्तो पसल स्थापना गरेर सहुलियतमा नागरिकलाई राहत प्रदान गर्नु त्यति ठूलो कुरा होइन। तर, सानै सही जुन शुरुवात भएको छ र जसरी सस्तो पसलको अवधारणा ल्याएर जनतालाई राहत दिने काम गरिएको छ, यसको विशिष्ट अर्थ रहेको छ। आम नागरिकलाई राज्यको प्रत्याभूति दिलाउन यस्तै स-साना कामहरुबाट शुरुवात गर्न सकिन्छ। यस्ता अभियानलाई कसरी गाउँ गाउँ र टोल टोलमा स्थापना गर्न सकिन्छ, त्यसतर्फ स्थानीय सरकार र प्रदेश सरकारले सोच्नु जरुरी छ।


**प्रकाशक**

भूमे गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खाबाङबगर, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश नेपाल

# फलाम उत्खनन गर्न विस्तृत अध्ययन शुरु



खानी तथा भूगर्भ विभागका भूगर्भविद् सुजन देवकोटा र सौनक भण्डारीको टिमले भूमे गाउँपालिका-३, झुम्लाबाङमा पत्ता लागेको फलाम खानीको विस्तृत अध्ययन सुरु गरेको छ।

❖ **बालाराम शेर्पाली**

रुकुम पूर्व । भूमे गाउँपालिका वडा नम्बर ३ झुम्लाबाङमा फलाम खानी उत्खनन गर्न सम्भाव्यता अध्ययन सुरु भएको छ। फलाम खानी उत्खनन गर्न प्रक्रिया अघि बढाएको हो। सम्भाव्यता अध्ययनपश्चात् झुम्लाबाङमा फलाम खानी सञ्चालनमा ल्याउने तयारीमा छ।

झुम्लाबाङमा सम्भाव्यता अध्ययन गर्न एक वर्षजति लाग्न सक्ने खानी तथा भूगर्भ विभागका निर्देशक सुजन देवकोटाले भन्नुभयो, "अध्ययनपश्चात् उत्खनन सुरु हुन्छ। हामीले विज्ञ राखेर सम्भाव्यता अध्ययन गर्ने प्रक्रिया अघि बढाएका छौं।"



भूमे गाउँपालिका स्रोत साधनको खानी भएको क्षेत्र हो। ऐतिहासिक ठाउँलाई तामा खानीले कुनै समय रुकुम पूर्वमा नै गुणस्तरीय तामा खानी थियो। झुम्लाबाङको विभिन्न क्षेत्रमा खानी तथा भूगर्भ विभागले गरेको अध्ययनले यस क्षेत्रमा फलामको विशाल भण्डार रहेको पत्ता लगाएको हो।

भूमे गाउँपालिकाका विभिन्न वडामा यसअघि पत्ता लागेको फलाम खानीको विस्तृत अध्ययन सुरु गरिएको भूमे गाउँपालिकाका अध्यक्ष होमप्रकाश श्रेष्ठले जानकारी दिनुभयो। अध्यक्ष श्रेष्ठका अनुसार खानी तथा भूगर्भ विभागका भूगर्भविद् सुजन देवकोटा र सौनक भण्डारीको टिमले भूमे गाउँपालिका-३, झुम्लाबाङमा पत्ता लागेको फलाम खानीको विस्तृत अध्ययन सुरु गरेको छ। त्यतिबेला तामा खानी उत्खनन गर्दा भूमे-२, ३, ४ र ५ का विभिन्न ठाउँमा बनेका ठुल्ठुला खाडल र सुरुङ अहिले पनि रहेको अध्यक्ष श्रेष्ठले बताउनु भयो। ती ठाउँमा गत वर्ष फलाम रहे/नरहेको अनुसन्धान गर्दा फलाम खानी रहेको पत्ता लागेपछि अहिले उत्खननका लागि विस्तृत अध्ययन सुरु गरिएको अध्यक्ष श्रेष्ठले बताउनु भयो।

अध्यक्ष श्रेष्ठले भन्नुभयो, "खानी तथा भूगर्भ विभागका अनुसार प्रारम्भिक अध्ययनबाट झुम्लाबाङमा मात्र नेपाललाई नै ५०/६० वर्षसम्म धान्न सक्ने फलाम खानी रहेको पत्ता लागेको छ।" हरेक वर्ष नेपालले अन्य देशबाट दुई खर्ब रुपियाँ बराबरको फलाम खरिद गर्ने गरेको छ।

हाल फलाम खानी पत्ता लागेको ठाउँमा एक सय वर्ष अघिसम्म तामा खानी उत्खनन गरिएको स्थानीयको भनाइ छ। ऐतिहासिक ठाउँलाई पहाडमा रहेका राता चट्टान र फलामका धाउबारे बताए पछि यहाँ फलाम खानीको अध्ययन थालिएको हो। खानी तथा भूगर्भ विभागले गरेको विस्तृत अध्ययनले झुम्लाबाङको चाल्नेटा रिप घहिरा, सिधथान, तिम्रबाङ, रातो पानी, घेम्ना काफलढुङ्गासम्मको क्षेत्रमा फलाम रहेको देखाएको छ। झुम्लाबाङको विभिन्न स्थानमा फलामको धाउ र यससँगै जोडिएर रहेको विशाल चट्टानमा धेरै मात्रामा प्रशस्त फलाम रहेको यसको अध्ययनले पुष्टि गरेको हो।परनिर्भरताले देश पछाडि धकेलिदै जाँदा आफ्नै स्रोत साधनलाई खोजी गरी आत्मनिर्भर हुन समयले पाठ सिकाएसँगै सरकारले लामो समय चीनमा भएको फलामे तत्वको प्रारम्भिक अध्ययन र परीक्षणपछि खानी विभाग टोलीले रुकुम पूर्वको झुम्लाबाङमा ठूलो परिमाणमा गुणस्तरीय फलाम छ भन्ने कुरा निश्चित गरेको छ।

# समयमै काम सक्न अनुगमन समितिको सुझाव



❖ बालाराम शेर्पाली

## अनुगमन टोलीले निर्माणको काम गरिरहेका निर्माण कम्पनी तथा उपभोक्ता समितिलाई दिगो विकाससँगै समयमै काम सक्न निर्देशनात्मक सुझाव दिएको छ।

रुकुम पूर्व । भूमे गाउँपालिका वडा नम्बर ८ कोर्जा र ९ को चुनबाङ लगायतका ठाउँमा निर्माणाधीन विभिन्न आयोजनाको अनुगमन गरी समयमै काम सम्पन्न गर्न सुझाव दिइएको छ। जिल्लास्तरीय अनुगमन टोलीले भूमे गाउँपालिकाका विभिन्न ठाउँका सडक, भवन र निर्माणाधीन मोटरेबल पुलको अनुगमन गरि उपभोक्ता समितिलाई यस्तो सुझाव दिइएको हो।

सदरमुकाम रुकुमकोटदेखि चुनबाङ र चुनबाङदेखि कोर्जा-दोमही सडकखण्डमा भइरहेका विभिन्न निर्माण कार्यको अनुगमन गरिएको थियो। उक्त सडक खण्डमा निर्माण भइरहेका चार वटा

मोटरेबल पुल, चुनबाङमा निर्माण भइरहेको ५ शैय्याको स्वास्थ्य अस्पताल, इलाका प्रहरी चौकी चुनबाङको भवन, नेपाल राष्ट्रिय मावि चुनबाङको निर्माणाधीन भवन, चुनबाङको युद्ध संग्रहालय, स्वास्थ्य चौकी चुनबाङको सेवा प्रवाह अवस्थाबारे अनुगमन गरिएको जिल्ला समन्वय समितिका निमित्त जिल्ला समन्वय अधिकारी रवीन्द्र बुढाक्षेत्रीले जानकारी दिनुभयो।

उहाँका अनुसार अनुगमन टोलीले निर्माणको काम गरिरहेका निर्माण कम्पनी तथा उपभोक्ता समितिलाई दिगो विकाससँगै समयमै काम सक्न निर्देशनात्मक सुझाव दिएको थियो। टोलीले निर्माण कार्यमा ढिलासुस्ती गरिराखेका निर्माण कम्पनीलाई समयमै काम पूरा गर्न दबाब नै दिएको हो।

जिल्ला समन्वय समिति रुकुम (पूर्व) का प्रमुख मेघबहादुर श्रेष्ठको संयोजकत्वमा गएको जिल्ला स्तरीय अनुगमन टोलीमा उपप्रमुख मोहनबहादुर केसी, प्रमुख जिल्ला अधिकारी माधवप्रसाद शर्मा, भूमे गाउँपालिकाका उपाध्यक्ष सविना बुढा, निमित्त समन्वय अधिकारी रवीन्द्र बुढाक्षेत्री, सडक पूर्वाधार विकास कार्यालयका प्रमुख थमप्रसाद पाण्डे, जिल्ला प्रहरी कार्यालयका डीएसपी अन्जना श्रेष्ठ, सशस्त्र प्रहरीका डीएसपी होमराज न्यौपाने लगायत वडास्थित जनप्रतिनिधि, बुद्धिजीवी एवं स्थानीयको उपस्थिति रहेको थियो।


## खानेपानी तथा सरसफाई डिभिजन कार्यालय रूकुम पूर्वको सूचना

पूर्ण सरसफाइ प्राप्तिको लागि निम्न कुरा अबलम्बन गरौं।

- दिसा पिसाबका लागि चर्पीको मात्र प्रयोग गरौं ।
- दिसा पिसाब गरिसकेपछि, खाना पकाउनुअघि र खाना खानुअघि साबुनपानीले राम्रोसँग हात धुने गरौं ।
- घरायसी तहमा पिउने पानीको सुरक्षित व्यवस्थापन र शुद्धिकरण गरौं।
- व्यक्तिगत सरसफाइमा ध्यान दिऔं ।
- सुरक्षित खानाको प्रयोग गरौं ।
- घरभित्र र बाहिरका तरल, पच्ने र नपच्ने ठोस फोहोरमैलाको उचित व्यवस्थापन गरौं।





# रुकुम पूर्वका ४ स्थानमा सस्तो पसल सञ्चालन




पुथाउत्तरगंगाको तक, भूमेको खाबाङबगर, सिस्नेको नायगाड र पोखरामा सस्तो पसल सञ्चालन गरिएको छ। सस्तो पसलबाट उपभोक्तालाई कार्यविधिले तोकेको मापदण्डअनुसार छुट दिनुपर्ने छ।

❖ बालाराम शेर्पाली

रुकुम (पूर्व) । घरेलु तथा साना उद्योग कार्यालय रुकुम (पूर्व)को आर्थिक तथा प्राविधिक सहयोग र स्थानीय सरकारको समन्वयमा जिल्लाका चार स्थानमा सस्तो पसल स्थापना गरिएको छ। पुथा उत्तरगंगा गाउँपालिकाको वडा नम्बर १० तक, भूमे गाउँपालिकाको खाबाङ बगर, सिस्ने गाउँपालिका–२ नायगाडस्थित तिपतारा र वडा नम्बर ३ पोखरामा सस्तो पसल सञ्चालन गरिएको हो। प्रदेश सरकारको कार्यविधि अनुसार जिल्लाका चार ठाउँमा सस्तो पसल सञ्चालन गरिएको घरेलु तथा साना उद्योग कार्यालयका प्रमुख मधुकर डाँगीले बताउनु भयो।

यसैबीच भूमे गाउँपालिका वडा नं. २ खाबाङबगरमा शुक्रबार जिल्ला समन्वय समितिका प्रमुख मेघबहादुर श्रेष्ठले सस्तो पसलको उद्घाटन गर्नुभयो। खाबाङबगरमा सस्तो पसल उद्घाटन भएपछि अब स्थानीय उपभोक्ताले सहुलियत मूल्यमा खाद्यान्न सामग्री पाउने भएका छन्। सस्तो पसल सञ्चालन गर्न जिम्मा पाएका व्यवसायीले अब सस्तो पसल सञ्चालन कार्यविधिले तोकेको मापदण्ड अनुसार छुट दिई बिक्री गर्नु

पर्ने छ। जसमा बजारमा पाइने गरेको चामलको मूल्यभन्दा सस्तो पसलबाट प्रति किलोमा १० रुपैयाँ छुट पाउने घरेलु तथा साना उद्योग कार्यालयका नायब सुब्बा सन्तोष मल्लले बताउनु भयो। सस्तो पसल सञ्चालन छनोटका लागि यसअघि पसल व्यवसायले त्यस क्षेत्रमा सबैभन्दा सस्तो मूल्यमा उपभोक्तालाई बिक्री गरिराखेको पसल तथा व्यवसायलाई छनोट गरिएको छ।

एक घर परिवारले एक महिनामा चामल ५० किलो, नुन २ किलो, तेल ७ लिटर, दाल ५ किलो, गहुँ तथा पिठो १० किलो र चिनी ५ किलो लिन पाउने छन्। सस्तो पसलमा खाद्यान्न किन्न जाँदा साथमा घर मुलीको नागरिकताको फोटोकपी लिनु पर्ने छ। यसैगरी नुन प्रतिकिलोमा ५ रुपैयाँ, तेलमा प्रतिलिटर २० रुपैयाँ, दाल तथा गेडागुडीमा प्रतिकिलो दुई प्रकारको १० र २० रुपैयाँ, गहुँ र पिठो प्रतिकिलो २० र चिनी प्रतिकिलो १५ रुपैयाँ छुटमा बिक्री गरिने मल्लले जानकारी दिनुभयो।

सस्तो पसल उद्घाटन कार्यक्रममा घरेलु तथा साना उद्योग कार्यालयका प्रमुख मधुकर डाँगीको अध्यक्षतामा भएको थियो। प्रमुख अतिथिमा जिल्ला समन्वय समिति प्रमुख मेघबहादुर श्रेष्ठ, विशेष अतिथिमा पुथाउत्तरगंगा गाउँपालिकाका अध्यक्ष पुनिराज घर्ती मगर, भूमे गाउँपालिकाका अध्यक्ष होमप्रकाश श्रेष्ठ, मारिङ बहुउद्देश्यीय सहकारी संस्थाका अध्यक्ष रामसुर बुढा र सम्बन्धित वडाका अध्यक्ष तथा वडा सदस्यसहित स्थानीय बुद्धिजीवी तथा उपभोक्ताहरूको उपस्थिति रहेको थियो। कार्यक्रमको सहजीकरण घरेलु तथा साना उद्योग कार्यालयका नायब सुब्बा सन्तोष मल्लले गर्नुभएको थियो।

# व्यवसाय व्यवस्थापन सम्बन्धी तालिम सम्पन्न

भूमे गाउँपालिकामा उद्यमशीलता क्षमता विकास तथा व्यवसाय व्यवस्थापन सम्बन्धी ४ दिने तालिम सम्पन्न भएको छ। युके एडको आर्थिक सहयोग, प्राकृतिक एक्सन नेपाल र विकास सरोकार समाज (डिकोस रोल्पा साझेदारी) समुन्नति परियोजनाअन्तर्गत भूमे गाउँपालिकाको समन्वयमा उक्त तालिम सम्पन्न भएको हो।

मंसिर २० गतेदेखि सुरु भएको तालिममा मास्टर ट्रेलर JYID नेपाल कञ्चनजङ्गा पोलिटेक्निक इनिस्टिच्युट नेपाल (केबी) बुटवल, रुपन्देहीका प्रशिक्षक निर्मल सिग्देलले उद्यमशीलता क्षमता विकास तथा व्यवसाय व्यवस्थापन तालिममा कृषि व्यवसाय सम्बन्धी प्रशिक्षण दिनुभएको थियो। तालिममा व्यवसाय भनेको के हो? उत्पादनको प्रकृति, व्यवसायबाट आउने खर्चको योजना आदि बारेमा जानकारी गराइएको थियो। तालिममा सहभागी २४ जना प्रशिक्षार्थीहरुलाई दोसल्लाका साथै प्रमाणपत्र दिइएको थियो।

भूमे गाउँपालिका अध्यक्ष होमप्रकाश श्रेष्ठको अध्यक्षता भएको तालिम समापन कार्यक्रमको सञ्चालन डिकोस रोल्पाका सामाजिक परिचालिका सम्जी बुढाले गर्नुभएको थियो।

# पर्यटन प्रवर्द्धनमा योजनाबद्ध पहलको आवश्यकता



## भूमे गाउँपालिकाको पर्यटकीय सम्भावनालाई उजागर गरी प्रचार प्रसार गर्ने र पर्यटन क्षेत्रको विकासका लागि आवश्यक पूर्वाधारहरु बनाउन पहल गर्नु अहिलेको आवश्यकता बन्न गएको छ।

❖ **बालाराम शेर्पाली**

रुकुम पूर्व । भौगोलिक हिसाबले उच्च पहाडी र हिमाली क्षेत्र रहेको रुकुमपूर्व पर्यटकीय हिसाबले निकै धनी जिल्ला हो। संघीयता कार्यान्वयनको चरणमा जन्म भएको सबैभन्दा कान्छो जिल्लाको रुपमा रहेको रुकुम पूर्वमा सरकारी तहका प्रशासनिक तथा भौतिक संरचना निर्माणकै चरणमा रहेका छन्। यो जिल्ला ऐतिहासिक, पुरातात्विक र साँस्कृतिक सम्पदाहरुका हिसाबले भने धेरै अगाडि रहेको छ। तीन पालिका रहेको यस जिल्लाका सबै पालिकाहरुमा आ-आफ्नै सांस्कृतिक, ऐतिहासिक, भाषिक तथा परम्परागत संस्कृतिका साथै भौतिक प्राकृतिक पर्यटकीय

स्थलहरु थुप्रै रहेका छन्। ऐतिहासिक/प्राकृतिक सम्पदा, संस्कृति, भेषभुषा र आफ्नै भाषाले सम्पन्न यस जिल्लाभित्रको एक पालिका भूमेको पर्यटकीय सम्भावनाका विषयमा यहाँ छोटो चर्चा गर्न खोजिएको छ।

भूमे गाउँपालिकाको पर्यटकीय सम्भावनालाई उजागर गरी प्रचार प्रसार गर्ने र पर्यटन क्षेत्रको विकासका लागि आवश्यक पूर्वाधारहरु बनाउन पहल गर्नु अहिलेको आवश्यकता बन्न गएको छ। भूमेको पर्यटन विकासका लागि पर्यटकीय क्षेत्रको वर्गीकरण गरी तिनको उचित व्यवस्थापन गर्न र सांस्कृतिक परम्परा, मौलिक कला संस्कृतिक करिब तीन सय वर्षअघि वडा नम्बर ३ झुम्लाबाङमा विभित्र ठाउँबाट गुल्मीको भारसेबाट बुढा, बागलुङको गल्कोटबाट राना र भक्तपुरबाट नेवारहरू तामा खानी र टक्सारको सिलसिलामा बसाई सरेर आएको ७४ बर्षका तिलु सुनार बताउनु हुन्छ। झुम्लाबाङ २३१५ मिटर उचाइमा रहेको झुम्लाबाङ गाउँमा मगर, नेवार, गुरुङ, ठकुरी, क्षेत्री र दलित जातिको बसोबास रहेको छ।

झुम्लाबाङ ७६ बर्षको ओमप्रकाश श्रेष्ठ भन्नुहुन्छ, "करिब तीन सय वर्षअघि यो ठाउँमा गुल्मीको भारसेबाट बुढा, बागलुङको गल्कोटबाट राना र भक्तपुरबाट नेवारहरू तामाखानी र तक्सारको सिलसिलामा बसाई सरेर आएको हुन् रे।"

झुम्लाबाङको पश्चिम क्षेत्रमा चालनेटा (२३५५ मि.) डाँडामा समथर भूभागमा चारैतिर १०५ बर्ष अगाडि स्थानीय नागरिकले राजाको सुरक्षाको लागि लगाएको पर्खाल बाइसे चौबिसे भुरेटाकुरे राजाको दरबारका अवशेष अझै पनि प्रशस्त देख्न सकिन्छ। उत्तर चम्बाङमा धार्मिक स्थल पनि रहेको छ। पूर्वतिर गाबाङ र क्याङ्सीको सिरानमा रामलीचौर छ। रामलीचौरदेखि वडा नम्बर २ कात्री, वडा नम्बर ६ महत, १ को लुकुम र अन्य भूभाग अवलोकन गर्न सकिन्छ। झुम्लाबाङको तामाखानी रहेको र पहिला टक्सार बसेको ठाउँ व्यवस्थित गर्न सके पर्यटन केन्द्र बन्न सक्ने स्थानीय नागरिकको भनाइ छ।

झुम्लाबाङमा तामाका धाउ र उत्खनन् गरिएका तामा खानीहरु प्रशस्त रहेको छन्। भूमे गाउँपालिकाको विभिन्न ठाउँमा रहेका तामाखानीहरु पछिल्लो समय उत्खनन् रोकिनुका साथै उपयोग र संरक्षण नहुँदा पुरिन थालेकोमा चिन्ता लागेको स्थानीय ओमप्रकाश बिकले बताउनु भयो।

भूमेको पर्यटकीय स्तरको रुपमा विकास गर्न सके राम्रो सम्भावना रहेको छ। झुम्लाबाङ जस्तै वडा नम्बर ४ काँडाको धबाडचौर डाँडाबाट हिमाली दृष्य र परम्परागत गाउँ र बारीका बालीको दृष्यले मनै लोभ्याउँछ।

त्यस्तै स्थानीय बोलीचालीमा सानो दाङ भनेर चिनिने वडा नं ४ को तल्लो साकिमको दृश्यले जो कोहीको ध्यान केही समय तान्छ।सिस्ने गाउँपालिकाको वडा नम्बर ५ को क्षेत्रभित्र पर्ने कमल दह र देउराली ओढारको नजिकै रहेको साकिमलाई व्यवस्थित खेतीपातीबाट नै कृषि पर्यटनमा बढावा दिन सके राम्रो सम्भावना रहेको छ।

# ३ हजार पशुलाई लम्पीस्किन विरुद्धको खोप




रुकुम (पूर्व) । भूमे गाउँपालिकामा तीन हजार पशुलाई लम्पीस्किन खोप लगाइएको छ। पालिकाका विभिन्न वडामा रहेका १५ सय गाई र १५ सय भैंसीलाई लम्पीस्किन रोगविरुद्धको खोप लगाइएको हो। एकीकृत कृषि तथा पशुपन्छी विकास कार्यालय रुकुम पूर्वले खोप उपलब्ध गराएपछि भूमे गाउँपालिका पशु सेवा शाखाका प्राविधिकहरुले गाउँ गाउँमा पुगेर खोप लगाएका थिए।

आफ्ना चौपायाहरूलाई निःशुल्क खोप लगाउन पाउँदा किसानहरू हर्षित भएका छन्। भूमे गाउँपालिकाको वडा नं १, ३, ४ र ९ मा खोप लगाएको र बाँकी वडाका पशुलाई पनि खोप लगाउने कार्यक्रम रहेको पालिकाका पशु सेवा शाखा प्रमुख नारायण ओलीले जानकारी दिनुभयो। उहाँका अनुसार रोगबाट धेरै प्रभावित क्षेत्रबाट खोप कार्यक्रम सुरु गरिएको छ। गत माघबाट महामारीको रूपमा फैलिएको लम्पीस्किन रोग नियन्त्रण गर्ने उद्देश्यले खोप कार्यक्रम सञ्चालन गरिएको हो। ओलीका अनुसार लम्पीस्किन रोगबाट भूमेमा मात्र ३६ सय बढी पशु चौपाया मरेका थिए।

**लोकसेवा आयोग, शिक्षक सेवा आयोग, हाजिरी जवाफ प्रतियोगिताका लागि उपयोगी**

१. नेपालको जनगणना २०७८ अनुसार नेपालको कूल साक्षरता दर कति रहेको छ?

✍ ७६.२ प्रतिशत

२. विश्व एड्स दिवस कहिले मनाइन्छ?

✍ हरेक वर्षको डिसेम्बर १ (२०२३ को नारा- "समुदायको नेतृत्वमा एड्स अन्त्य गरौं।" रहेको छ।)

३. चालक विनाको स्वचालित रात्री बस सेवा सुचारु गर्ने पहिलो राष्ट्र कुन हो?

✍ दक्षिण कोरिया (सन् २०२३ डिसेम्बर ४ देखि सुरु गरेको हो।)

४. विश्व भोकमरी सूचकाँक २०२३ मा नेपालको स्थान कति औं रहेको छ?

✍ ६९ औं

५. नेपालको संविधान २०७२ को दोस्रो संशोधन कहिले भएको थियो?

✍ वि.सं. २०७७ असार ४ गते (धारा ९ को उपधारा २ सँग सम्बन्धित अनुसूचि-३ मा रहेको नेपालको निशान छाप)

६. Time Person of the Year 2023 कसलाई घोषणा गरिएको छ?

✍ Taylor Swift (USA)

७. लुम्बिनी प्रदेश निजामती सेवाको गठन, सञ्चालन र सेवाको शर्त सम्बन्धमा बनेको विधेयक प्रदेश प्रमुखबाट कहिले प्रमाणीकरण भएको थियो?

✍ वि.सं. २०८० मंसिर २१ गते । (उक्त विधेयक प्रदेश सभाबाट २०८० भदौ २२ गते पारित भएको थियो।)

८. बाह्रकुने दह कहाँ पर्दछ?

✍ दाङ

९. भिजन २००५ के सँग सम्बन्धित छ?

✍ पर्यटन

१०. नेपाल सरकार मन्त्रिपरिषद्ले सामाजिक सञ्जालको रुपमा प्रयोग हुदै आइरहेको **TikTok** नेपालमा कहिलेदेखि बन्द गर्ने निर्णय गरेको थियो?

✍ वि.सं. २०८० साल कार्तिक २७ गते।

*संकलन : चेतन बुढा मगर, भूमे-६, रुकुम (पूर्व)*

# कुखुरा पालनमा जैविक सुरक्षा गर्ने तरिका



नारायण ओली

कुखुरा पालनमा जैविक सुरक्षा गर्नु भनेको रोगको कारक तत्वहरुलाई पन्छीबाट र पन्छीलाई रोगको कारक तत्वबाट टाढा राख्ने व्यवस्था बुझाउँछ। पन्छीलाई रोगव्याधीबाट जोगाउने र नियन्त्रण गर्ने सम्बन्धमा उपलब्ध प्रविधिहरुमा जैविक सुरक्षा नै सबैभन्दा सस्तो र भरपर्दो उपाय ठहरिएको छ। पन्छी व्यवसायको सफलता नै आफ्नो पन्छीको स्वास्थ्य सुरक्षामा निर्भर गर्दछ।

अतः पन्छीको बर्ड फ्लु, रानीखेत जस्ता सीमाविहीन रोगदेखि लिएर अन्य महामारी लगायतका विभिन्न रुपमा फैलिने रोगहरुलाई समेत आफ्नो फार्ममा प्रवेश गर्न र संक्रमण गर्नमा रोक लगाउन अवलम्बन गरिने जैविक सुरक्षाका चरणबद्ध उपायहरु निम्नानुसार अपनाइन्छ। जैविक सुरक्षाका प्रमुख तीन अंगहरुलाई देहाय अनुरुप छुट्टाछुट्टै वर्णन गरिएको छ।

### १. पन्छीलाई अलग गर्ने

आफ्नो पन्छीलाई अन्य पशुपन्छी तथा रोगका जीवाणु वा विषाणुको संसर्गबाट टाढा अलग्याएर राख्नु पर्दछ। यसो गर्दा रोग उत्पन्न गर्ने सुक्ष्म जीवहरु र रोगका सम्वाहकहरुको संसर्गबाट आफ्ना पन्छीहरु अलग राख्न सकिने र पन्छीको समुहमा रोग प्रवेश गर्न नसक्ने भएकोले पन्छीहरु सुरक्षित रहन सक्दछन्। रोगको जीवाणु बोकेर हिड्ने मानिस, पशुपन्छी, जंगली जनावर, गाडी, चरा, मुसाजस्ता रोगको सम्बाहक

र कारक तत्वहरुलाई आफ्नो पन्छी फार्ममा प्रवेश हुनबाट रोक लगाउने र अनावश्यक रुपमा अन्य पशुपन्छीको संसर्गमा आफ्ना पन्छीलाई नराख्ने वातावरण सृजना गर्नु पर्दछ। यसको लागि निम्नानुसार गर्नु पर्दछ-

- फार्ममा पन्छी राख्दा खोरमा जाली लगाउने र बजारमा राख्दा सुरक्षित खोरमा राख्ने।
- कुखुरा पालन गर्दा एकै पटक कुखुरा भित्र्याउने र एकै पटक बाहि-याउने गरी एकै पटक अन्त्य गर्ने (अल इन अल आउट) सिद्धान्तमा आधारित व्यवस्थापन प्रणाली अपनाउने। यसबाट पूरै फार्म एकै पटक निःसंक्रमण गर्न सहज हुन्छ।

२. पन्छी फार्म भित्र र फार्म बाहिर हुने मानिस, चराचुरुङ्गी, दाना, अण्डा, गाडी तथा सरसामग्रीहरुको अनावश्यक आवतजावत तथा आवागमनमा नियन्त्रण गरी रोगको प्रवेशमा रोक लगाउनु पर्दछ।

यसको लागि निम्नानुसार गर्न सकिन्छ-

- अनाधिकृत व्यक्तिलाई फार्म परिसर भित्र पस्न रोक लगाउने।
- फार्मको काममा प्रयोग नगरिने सबै गाडीहरुलाई फार्मको प्रवेश गेटमा नै रोक्न लगाउने।
- काम गर्ने बेलामा पहिले निरोगी र त्यसपछि रोगी अनि पहिले चल्ला र पछि माउको हेरचाहको कार्य गर्नु पर्दछ।
- पन्छीका व्यापारीलाई फार्मभित्र पस्न नदिने।
- कुखुराको खोर वा छुट्टा छुट्टै कोठाका लागि छुट्टै भित्र पस्दा लगाउने जुत्ता राख्ने।
- फुट वाथको व्यवस्था मिलाउने।
- पन्छी बजारमा एक तर्फबाट पस्ने र अर्को तर्फबाट निस्कने व्यवस्था मिलाउनु पर्दछ।
- पन्छी बजारमा बिक्रीको लागि लगिएको पन्छी पुनः फार्ममा फिर्ता नल्याउने। यसको लागि पन्छी बजार निर्माण गर्दाको अवस्थामा नै ध्यान पु-याउने।
- बजारमा पसेको मानिस एक तर्फबाट पसेपछि अर्को तर्फबाट मात्र निस्कन मिल्ने गरि पन्छी बजार निर्माण गर्ने।
- फार्मबाट पन्छी ओसार पसार गर्ने गाडीलाई लोड अनलोड गर्न उपयुक्त स्थान निर्माण गर्ने। एक ठाउँबाट मात्र लोड अनलोड गर्नाले त्यस्तो परिवेशको सरसफाइ तथा निःसंक्रमण गर्न सहज हुने गर्दछ।

### ३. सरसफाइ

नियमित रुपमा पन्छीको खोर, प्रयोग हुने दानापानीको भाँडावर्तन, गाडी तथा कामदार समेतको सरसफाइ र निःसंक्रमणमा राम्ररी ध्यान दिनाले रोग उत्पन्न गर्ने सुक्ष्म जीवहरुको फार्ममा प्रवेश हुन पाउँदैन। पन्छी व्यवसायसित सम्बन्धित खोर, फार्ममा प्रयोग हुने सामग्रीहरु, गाडीका साथै मानिसले समेत सरसफाइ र निःसंक्रमणको विधि अपनाउनु पर्दछ-

- कुखुराको फार्ममा काम गर्ने कामदारहरुले काम सकिएपछि हातगोडा राम्ररी सफा गर्ने अनि लुगा र जुत्ता फेर्नु पर्दछ। यसरी राम्ररी सरसफाई नगरिकन अर्को फार्ममा पस्नु पनि हुँदैन।
- फार्ममा प्रयोग भएका विभिन्न सामग्रीहरु (दानापानी खाने भाँडा, औजार तथा उपकरण आदि)लाई नियमित रुपमा सरसफाइ र निःसंक्रमण गर्ने।

# लम्पी स्किन रोग सम्बन्धी जानकारी

**परिचयः**

- यो रोग गाई भैसीमा देखिने रोग हो ।
- यो पोक्स भाइरसले गर्दा लाग्ने गर्छ ।
- सन् 2012 मा मध्यपूर्व देखि दक्षिण-पूर्वी युरोपमा फैलिएको थियो ।
- हाल ५५ जिल्लामा फैलिएको पुष्ट्याई भएको छ ।
- मृत्युदर गाईवस्तुमा ३-७ र भैंसीमा ०% रहेको छ ।
- यसले स्थानीयको तुलनामा उन्नत नश्ललाई बढी असर गर्ने गर्छ ।
- उत्पादनमा गिरावट् आउने, ओसारपसारमा प्रतिवन्ध गर्नुपर्ने हुदा आर्थिक नोक्सानी हुने गर्दछ ।
- यो रोग पशुबाट मानिसमा सर्दैन ।
- रोग गर्मि मौसममा किराहरुको टोकाईबाट सर्ने गर्दछ ।

**लक्षणहरुः**


संक्रमित पशुहरुमा निम्न लक्षणहरु देखा पर्ने गर्दछ ।

- उच्च ज्वरो १०४ डिग्री फरेनहाइट भन्दा बढी आउने गर्दछ ।
- छालामा १ देखि ५ सेन्टिमिटरका साह्रा गोलो गिर्खाहरू देखिने ।
- थतुनो,ओठ, मुख र नाकभित्र घाउ देखिन्छ।
- आखाँ र नाकबाट अत्यधिक मात्रामा तरल पदार्थ आउँछ,र्‍याल काड्छ, लिम्फ नोडहरू सुनिन्छन, संक्रमित पशु लक्षण नदेखाई मर्न पनि सक्छ ।
- किराले गिर्खाहरु फुटाएर जटिल प्रकारका घाँउ बनाउन सक्छ ।



**रोग सर्ने माध्यमः**

- संक्रमित लामखट्टे, झिंगा, किर्ना जस्ता किराहरूको टोकाइबाट सर्छ ।
- संक्रमित गाईवस्तुहरुको ओसारपसार गर्दा सर्छ ।
- उपचारमा संलग्न प्राविधिक तथा प्रयोग गरिने संक्रमित औजारबाट सर्न सक्छ।
- पशुको प्रजनन, दानापानी खाने भाँडा, चरण क्षेत्र तथा प्रत्यक्ष पशुको सम्पर्कबाट पनि सर्न सक्छ ।





**उपचारः**

दुर्भाग्यवश यो रोग भाइरसबाट लाग्ने भएको हुदाँ प्रभावकारी उपचार छैन । यसको सबैभन्दा राम्रो उपाय भनेको रोग लाग्न नदिनुनै उत्तम उपाय हो। यसको सट्टा, संक्रमित जनावरहरूले सहायक हेरचाह गर्न सकिन्छ,जसमा लक्षणको आधारमा उपचार गर्न एन्टिबायोटिक, पेनकिलर र घाउ सफा गर्ने स्प्रेहरुको प्रयोग गर्न सकिन्छ । कुनै उपचार नभए पनि रोग फैलिन नदिन वा नियन्त्रण गर्न भ्याक्सिनको प्रयोग गर्न सकिन्छ । दुर्भाग्यवश यसको भ्याक्सिन हाल सम्म नेपालमा उपलब्ध छैन । आसा छ यसको भ्याक्सिन नेपालमा छिटै उपलब्ध हुने छ ।



**रोगको शंका लागेमा के गर्नेः**

- रोगको प्रकोप फैलिएको क्षेत्रका पशुहरुलाई नियमित निरिक्षण गर्ने ।
- रोगको शंका लागेका नजिकका भेटेरीनरी प्राविधिक, गाउँपालिका पशु सेवा केन्द्र, एकिकृत कृषि तथा पशुपन्छी विकास कार्यालयमा खबर गर्ने ।
- पशुहरुको ओसारपसार गर्न पुर्णरुपमा बन्द गर्नुपर्छ ।




**रोकथाम तथा जैविक सुरक्षाका उपायहरुः**

तपाईं आफ्नो फार्मको सुरक्षा कसरी गर्न सक्नुहुन्छ ? आफ्नो फार्मको सुरक्षाका लागि विभिन्न उपायहरु अपनाउने गर्नुहोला । विश्वसनीय स्रोतहरूबाट गाईभैंसी खरिद गर्नुपर्दछ । गाईभैंसी खरिद गरेर ल्याउदा २८ दिनसम्म बथानबाट अलग्गै वा क्वारेन्टाइनमा राख्नुपर्दछ । यो रोगको प्रकोपको समयमा रोग लागेको ठाउँ बाट गाईभैंसी ल्याउन हुदैन। गोठलाई झिंगा, लामखुट्टे तथा अन्य किराहरूबाट मुक्त राख्नु ,सरसफाइमा ध्यान दिनपुर्दछ । आवश्यकता अनुसार उपयुक्त किटनाशक औषधी प्रयोग गर्नुपर्दछ । गोठको वरिपरि पानी जम्ने ठाउँ हुनु हुदैन । आफ्नो फार्ममा जैविक सुरक्षाका उँपायहरू अवलम्बन गर्नुपर्दछ । प्रत्यक वर्ष पशुवस्तुहरुलाई खोप लगाउनुपर्छ ।




**रोग देखिएमा यहाँ सम्पर्क गर्नुहोलाः**

- वडानं १ र २ का लागि अमृता रोका, ९८४८०५७२७२
- वड नं ३ र ८ का लागि दिल कुमारी सुनार, ९८६७२२९४६६
- वडा न् ४ र ५ का लागि जनम बुढा मगर, ९८४८६९९७२८
- वडा नं ६ र ७ का लागि भुपाल ओली, ९८६६९१६०३७
- वडा नं ९ का लागि कमल के सी, ९८४६८१०१६०
- गाउँपालिका पशु सेवा केन्द्र का लागि नारयण ओली, ९७६२५२७१७० भुपेन्द्र शाही , ९८६६९१६०३७




**जनहितका लागि**
**भूमे गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**पशु सेवा केन्द्र**

**खाबाङबगर, रुकुम (पूर्व)**
**लुम्बिनी प्रदेश, नेपाल**

**थप जानकारीका लागि. ९७६२५२७१७०, ९८६६९१६०३७, ९८४८६९९७२८, ९८६८६३३५५१, ९८४८०५७२७२, ९८४६८१०१६०**

भूमे गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
खावाङबगर, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश, नेपाल

**प.सं.** : ०८०/०८१
**च.नं.** : १५०४

**मितिः** २०८०/ ०८/ १९

**श्री वडा कार्यालय सबै,**
**श्री सामुदायिक एवं संस्थागत विद्यालय सबै,**
**भूमे गाउँपालिका रुकुम (पूर्व) ।**

**विषयः** वैदेशिक रोजगार सन्तती छात्रवृत्ति कार्यक्रम सम्बन्धमा ।

प्रस्तुत विषयको सम्बन्धमा वैदेशिक रोजगारीमा गई मृत्यु भएका वा शत प्रतिशत अशक्त भएका एंव वैदेशिक रोजगार कल्याणकारी कोषको सचिवालयबाट शत प्रतिशत आर्थिक सहायता प्राप्त गरेका श्रमिकका १८ वर्ष मुनिका बालबालिकाहरुलाई प्रदान गरिने छात्रवृत्ति प्राप्त गर्न योग्यता पुगेका सामुदायिक एवं संस्थागत विद्यालयमा अध्ययनरत विद्यार्थीहरुलाई सो कार्यक्रममा समावेश हुनको लागि वैदेशिक रोजगार वोर्डको कार्यालयले मिति २०८०/०८/०४ गते वैदेशिक रोजगार सन्तती छात्रवृत्ति (शैक्षिक सत्र २०८०) का लागि निवेदन दिने बारेको सूचना प्रकाशित भैसकेको हुँदा सो सन्दर्भमा यस भूमे गाउँपालिका स्थित वडा कार्यालयहरु तथा सामुदायिक एंव संस्थागत विद्यालयहरुले सो छात्रवृत्ति सम्बन्धी सूचना संप्रेषण गरिदिनुका साथै वैदेशिक रोजगार सन्तती छात्रवृत्ति सञ्चालन कार्यविधि, २०८० को अनुसुचि (१) बमोजिमको ढाँचामा मिति २०८० पुस ८ गते भित्र निवेदन दिनको लागि आवश्यक सहजिकरण गरिदिनुहुन सम्बन्धित सबै सरोकारवालाहरुमा अनुरोध छ । कार्यविधि र आवश्यक कागजात यसै पत्रका साथ संलग्न गरि पठाइएको छ । छात्रवृत्ति सम्बन्धी थप बुझ्नुपरेमा गाउँपालिका स्थित रोजगार सेवा केन्द्रमा सम्पर्क गर्न सकिनेछ । साथै विस्तृत विवरण यस कार्यालयको वेबसाईट www.bhumemun.gov.np बाट प्राप्त गर्न सकिने छ ।

२०८०/०८/१९

..............................
**( उपेन्द्र यादव )**
**नि. प्रमुख प्रशासकीय अधिकृत**

खावाङबगर,रुकुम (पूर्व) लुम्बिनी प्रदेश,नेपाल | फोन नं. +९७७-९८०१३३२३८३, ९७६२५२७११०
इमेल:info@ bhumemun.gov.np, bhumemun@gmail.com,वेबसाइट : www.bhumemun.gov.np

## भूमे गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## खाबाङबगर, रुकुम (पूर्व)

# जनहितमा जारी सन्देश

- जन्म, मृत्यु, विवाह, बसाइसराइँ, सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटनाहरु सम्बन्धित वडा कार्यालयमा गइ ३५ दिनभित्रै दर्ता गराऔं ।
- आफूले तिर्नु/बुझाउनु पर्ने घर जग्गा कर, मालपोत कर, व्यवसाय कर लगायतका कर तथा शुल्कहरु समयमै बुझाउने बानी बसालौं ।
- सार्वजनिक स्थलहरुमा जथाभावी फोहोर नफालौं, आफ्नो घर आँगन सफा राखौं र फोहरको उचित व्यवस्थापन गरौं ।
- आफ्नो वरपर सञ्चालनमा रहेका विकास निर्माण कार्यहरुमा सहभागी हुँदै रेखदेख गरौं ।
- आफ्ना नानी -बाबुहरुको शिक्षा, स्वास्थ्यमा ध्यान पुऱ्याऔं ।
- विद्यालय जाने उमेर समूहका बालबालिकाहरुलाई विद्यालय पठाऔं, आफ्नो समुदाय र विद्यालयहरुलाई बालमैत्री बनाऔं ।
- गाउँघरमा रहेका पुराना पोखरीहरुको संरक्षण गर्दै थप नयाँ पुनर्भरण पोखरीको निर्माण गरी पानीका मुहानहरुको संरक्षण गरौं ।
- बालविवाह सामाजिक अपराध भएकाले २० वर्षपछि मात्र विवाह गरौं र गराऔं ।
- सार्वजनिक सम्पत्ति, ऐतिहासिक, पुरातात्विक सम्पदाहरुको संरक्षण गरौं ।
- वनमा आगलागी हुन नदिन सावधानी अपनाऔं ।
- अपाङ्गता भएका व्यक्तिहरु, असहायहरु, जेष्ठ नागरिकहरु र बालबालिकाहरुलाई आवश्यक सहयोग गर्ने बानी बसालौं ।
- व्यवसाय सञ्चालन गर्दा गाउँपालिका वा सम्बन्धित निकायमा अनिवार्य दर्ता गराइ सञ्चालन गर्ने गरौं ।
- प्राविधिक सल्लाह बमोजिम उन्नत बीउबिजनको प्रयोग गरी कृषिजन्य वस्तुको उत्पादन तथा उत्पादकत्व वृद्धि गरौं ।
- घरेलु हिंसा, लैङ्गिक हिंसा, जातीय भेदभाव लगायतका सबै प्रकारका भेदभाव र हिंसाको अन्त्य गरौं ।
- प्लास्टिक जथाभावी नफालौं, प्लास्टिकको न्यून प्रयोग गरौं, प्लास्टिकमुक्त गाउँ बनाउने अभियानमा सबैले सहयोग गरौं ।